REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 23.01.2024

## CM SNT Award

सिक्किम राष्ट्रियकृत परिवहन (SNT) प्रावास 4.0-मा साना राज्य यातायात एकाइ वर्गमा People's Choice 2024 पुरस्कारले पुरस्कृत भएको छ। प्रवास 4.0, देशभरिका छह हजारभन्दा बढी परिवहन सञ्चालकहरूलाई एकै साथ ल्याउन सफल एउटा प्रसिद्ध मञ्च हो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले यो सफलता प्राप्त गर्नमा रहेको SNT-का सम्पूर्ण टोलीको उल्लेखनीय प्रयास र समर्पणका निम्ति बधाई एवं शुभकामना दिनुभएको छ।

मुख्यमन्त्रीले भन्नुभएको छ, यस सम्मानले SNT-का यातायात सेवाहरू बढाउने, यात्रालाई सबैका लागि पहुँचयोग्य र सुविधाजनक बनाउने अटल प्रतिबद्धतालाई दर्शाउँदछ। श्री तामाङले एक समय राज्यको जीवनरेखा मानिएको SNT-ले आफ्नो उद्देश्यप्रति अटल रहँदै राज्यवासी र आगन्तुक सबैलाई उत्कृष्ट सेवा प्रदान गरिरहेको बताउनुभएको छ।

उहाँले कामना गर्दै भन्नुभएको छ, यस उपलब्धीले SNT-का सम्पूर्ण टोलीलाई आगामी वर्षहरूमा अझ व्यापक माइलखुट्टी हासिल गर्न प्रेरित गर्नेछ।

---------------------------------------X---------------------------------------

## Meeting of DIC

पाकिमका जिल्लाधीश श्री रोहन अग्वानेले जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा आज सम्पन्न प्रधानमन्त्री विश्वकर्मा योजनाका लागि जिल्ला कार्यान्वयन समितिको बैठकको अध्यक्षता गर्नुभयो।
बैठकको मुख्य उद्देश्य निम्न स्तरमा प्रधानमन्त्री विश्वकर्मा योजनाको उचित कार्यान्वयनका लागि खण्ड स्तरमा ग्राम पञ्चायत एकाइअन्तर्गत रहेको लक्ष्य र प्रशिक्षणबारे चर्चा गर्नु थियो। बैठकअवधि विभिन्न महत्त्वपूर्ण विषयहरूमाथि चर्चा गरियो।
यस अवसरमा समितिले विभिन्न कार्य योजनाहरूमाथि चर्चा गर्दै पञ्चायतहरूसितको निकट समन्वयमा विशिष्ट GPU-को प्रभावकारी कार्यान्वयन र लक्ष्य निर्धारण सुनिश्चित गर्दै खण्ड विकास अधिकारीसितको समन्वयमा जतिसक्तो छिटो खण्ड स्तरीय प्रशिक्षण कार्यक्रमहरू शुरू गर्ने विषयमाथि सहमति जनाइयो।
यस अवसरमा अन्य बाहेक पाकिम मुख्यालयका महकुमा अधिकारी श्री थेन्डुप लेप्चा र ग्रामीण विकास विभागका संयुक्त निदेशक श्री BB गुरूङ उपस्थित हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

## NCORD Meeting

गेजिङ जिल्ला नारको समन्वय समितिको व्यापक समीक्षा बैठक आज राबदेन्सीस्थित जिल्ला प्रशासनिक केन्द्रमा बस्यो। जिल्लाधीश एवं समितिका अध्यक्ष श्री तेञ्जीङ D डेञ्जोङपाको अध्यक्षतामा बसेको बैठकमा पुलिस अधीक्षक श्री छिरिङ शेर्पा उपस्थित हुनुहुन्थ्यो।

यस क्षेत्रमा नशालुपदार्थको दुरूपयोग र तस्करीसित सम्बन्धित चिन्तामाथि सम्बोधन गर्ने उद्देश्यका साथ बसेको बैठकमा विभिन्न विभागका मुख्य हितधारकहरूको पनि उपस्थिति रहेको थियो।

बैठकमा कठोर कानुन कार्यान्वयन, जनचेतना अभियान र सक्रिय सामुदायिक सहभागितालाई जोड्ने बहुआयामिक दृष्टिकोण अपनाउनेबारे सबैले सहमती जनाए।

---------------------------------------X---------------------------------------

## Assam

असम राज्यको शोणितपूर जिल्लास्थित लोक्रामममा आज गोर्खा समुदायका अग्रज बाबु डम्बरसिंह गुरुङको एक सय पच्चीसौं जन्म जयन्ति पालन गरियो। असम गुरुङ (तमु) संघको पहलमा आयोजित कार्यक्रममा साहित्यकार श्री CK श्रेष्ठको विशेष उपस्थिति रहेको थियो। कार्यक्रमको अवसरमा लोक्राममा स्थापित गुरूङको पूर्ण सालिगको पनि अनावरण गरियो।

---------------------------------------X---------------------------------------

## Digital Economy

देशको सकल घरेलू उत्पादमा वर्ष 2030-सम्ममा बीस प्रतिशत योगदान डिजिटल अर्थव्यवस्था-को हुनेछ। यो कुरा इलेक्ट्र्ोनिकी तथा सूचना प्रौद्योगिकी मन्त्रालयद्वारा हिजो जारी एउटा रिपोर्टमा बताइएको छ। रिपोर्टअनुसार वर्ष 2022-23-मा राष्ट्रिय आयमा डिजिटल अर्थव्यवस्थाको योगदान एघार दशमलौ सात चार प्रतिशत थियो, जुन द्रुत गतिमा बढ्रिरहेछ।

---------------------------------------X---------------------------------------

## National School Band

राष्ट्रिय विद्यालय ब्याण्ड प्रतिस्पर्धा 6.0-को ग्राण्ड फिनाले भोलीदेखि नयाँ दिल्लीको मेजर ध्यानचन्द राष्ट्रिय स्टेडियममा हुनेछ। यो प्रतियोगिता पच्चीस जनवरीसम्म चल्नेछ। रक्षा मन्त्रालयको सहयोगमा शिक्षा मन्त्रालयले ग्राण्ड फिनालेको आयोजना गरिरहेछ। राज्य र अञ्चल स्तरमा प्रतिस्पर्धाको माध्यमबाट फाइनलका लागि तेह्रवटा राज्यहरूबाट सोल्हवटा ब्याण्ड टोलीको चयन गरिएको छ। पहिलोपल्ट तीनवटा सरकारी विद्यालयका ब्याण्ट टोलीहरूलाई गणतन्त्र दिवस परेडमा शामेल हुने अवसर मिलेको छ।

चयनित विद्यालयहरूमा सिक्किमका केन्द्रिय विद्यालय र West Point सरकारी वरिष्ठ माध्यमिक विद्यालय सामेल छन्।

---------------------------------------X---------------------------------------

## Khelo India

खेलो इण्डिया सीजनको शुरुवात आजदेखि लद्दाखमा खेलो इण्डिया विन्टर गेम्स 2025-का साथ हुनेछ। केन्द्रिय युवा कार्यक्रम तथा खेल मन्त्री डाक्टर मनसुख माण्डवियाले लेह्रोनस्थित नवाङ दोर्जे स्टोबदान खेल परिसरमा पाँचदिन लामो खेल आयोजनाको शुभारम्भ गर्नुहुनेछ। यस खेलमा विभिन्न राज्य, केन्द्रशासित प्रदेश र अन्य संस्थानका लगभग उन्नाइसवटा टोलीले प्रतिस्पर्धा गर्नेछन्।

--------------------------------------X--------------------------------------

## Weather

सिक्किममा अहिले मौसम सफा भएका कारण देश तथा विदेशबाट राज्यको भ्रमणमा आउने पर्यटकहरूको घुइंचो लागेको छ। पर्यटकहरू यहाँको भारत-नाथुला सीमा, छाङ्गु पोखरी, युमथाङ, गुरूदोङमा लगायत रमणीय स्थलहरूको दृष्यावलोकन गरेर मनोरञ्जन लिनमा व्यस्थ देखिएका छन्।
यसै सिलसिलामा मौसम विज्ञान विभागबाट प्राप्त जानकारीअनुसार गान्तोक र वरपर क्षेत्रहरूमा बितेको चौबिस घण्टामा अधिकतम तापमान चौध दशमलौ चार डिग्री सेल्सियस र न्यूनतम तापमान नौं दशमलौ पाँच डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले भोलि चौबीस जनवरीमा आकाशमा सामान्य रूपमा बादल छाउने अनि अधिकतम तापमान तेह्र डिग्री सेल्सियस र न्यूनतम सात डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ।

--------------------------------------X--------------------------------------